नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ लाई
संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल गुणस्तर (प्रमाण चिह्न) (पहिलो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ को दफा ३ मा संशोधनः नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ मा रहेका "कुनै पदार्थ वा प्रकृयाको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै पदार्थ, प्रकृया वा सेवाको सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेका "कुनै पदार्थ र प्रकृयाको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "कुनै पदार्थ, प्रकृया वा सेवाको सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) कुनै पदार्थ, प्रकृया वा सेवाको गुणस्तर वृद्धि गर्ने सम्बन्धमा निरीक्षण गर्ने गराउने र आवश्यक प्राविधिक सल्लाह तथा निर्देशन दिने ।"

५. मूल ऐनमा दफा ७क. र ७ख. थपः मूल ऐनको दफा ७ पछि देहायका दफा ७क. र ७ख. थपिएका छन्ः–

"७क. स्वीकृति लिई प्रचार प्रसार गर्न सकिनेः (१) कुनै व्यक्तिले कुनै पदार्थ नेपाल गुणस्तर अनुरूप छ भनी प्रचार प्रसार गर्न चाहेमा त्यस्तो व्यक्तिले कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिन चाहने व्यक्तिले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम कुनै निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी प्रचार प्रसार गर्न पाउने गरी स्वीकृति दिन सक्नेछ ।

७ख. कुनै निश्चित परिमाणको पदार्थको गुणस्तर प्रमाणित गर्नेः (१) कुनै व्यक्तिले कुनै निश्चित परिमाणको पदार्थको गुणस्तर प्रमाणित गराउन चाहेमा त्यसको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो निश्चित परिमाणको पदार्थ गुणस्तरयुक्त छ छैन प्रमाणित गरिदिन सक्नेछ ।"

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।